नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२२९ दायर मितिः-२०८१/०९/२२**

**फैसला मितिः-२०८१/११/१५**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **प्र.स.नि.लालबाबु राय यादव समेतको प्रतिवेदनले नेपाल सरकार..........................१** | **जिल्ला रौतहट दुर्गाभगवती गाउँपालिका वडा नं. ५ बडहर्वा टोल वस्ने नवल किशोर चौधरीको छोरा वर्ष ३६ को बीरेन्द्र प्रसाद चौधरी समेत ३ जना....१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**<u>तथ्य-खण्ड</u>**

१. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामी प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अमित साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**<u>ठहर-खण्ड</u>**

यसमा मिति २०८१।०९।१३ गते अं.२३ः४५ बजेको समयमा जिल्ला पर्सा विरगंज महानगरपालिका वडा नं. ९ पानगल्ली स्थित सार्वजनिक सडकमा मादक पदार्थ सेवन गरी हल्ला खल्ला गरी एकले अर्कालाई गाली गलौज गरी रहेका प्रतिवादीहरु बिरेन्द्र प्रसाद चौधरी, छठिया देवी र बबिता भन्ने कलामुन खातुनलाई सम्झाई बुझाई गर्न खोज्दा निजहरुले उल्टै प्रहरी टोली उपर अश्लिल शव्दमा गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही होस् भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी सार्वजनिक सडकमा हल्ला खल्ला गरी रहेका प्रतिवादीहरु बिरेन्द्र प्रसाद चौधरी, छठिया देवी र बबिता भन्ने कलामुन खातुनलाई सम्झाई बुझाई गर्न खोज्दा निजहरुले उल्टै प्रहरी टोली उपर अश्लिल शव्दमा गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी बीरेन्द्र प्रसाद चौधरीलाई कैद दिन ९, जरिवना रु.५०००/- अक्षरेपी पाँच हजार र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय र अर्का प्रतिवादीहरु छठिया देवी र विवता भन्ने कलामुन खातुनलाई कैद दिन ९, जरिवाना जनही रु.१५००/- अक्षरेपी एक हजार पाँच सय र क्षतिपूर्ती शुल्क जनही रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु बीरेन्द्र प्रसाद चौधरी, छठिया देवी र बबिता भन्ने कलामुन खातुनलाई ठहरेको कैद दिन ९ को हकमा निजहरु मिति २०८१/०९/१३ देखि २०८१/०९/२१ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा बीरेन्द्र प्रसाद चौधरीले र.नं.१७८/२०८१/०९/२२ बाट दाखिला गरेको धरौटी रकम रु.५२००/- बाट जरिवाना रकम रु.५०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु र अर्का प्रतिवादीहरु छठिया देवी र बबिता भन्ने कलामुन खातुनले क्रमशः र.नं.१७९ र १८०/२०८१/०९/२२ बाट दाखिला गरेको जनही धरौटी रकम रु.१७००/- जरिवाना जनही रु.१५००/- र क्षतिपूर्ती शुल्क जनही रु.२००/- कट्टी गर्नु ---------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-----------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---------------१

गणेश अर्याल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ फाल्गुन महिना १५ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लागा चतुर्दशी, शुभम् ........